दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १६३ | बुटवल | २०८३ असार ०१ गते, सोमबार | नेपाल संवत ११४६ | Monday Jun 15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## शिक्षक कर्मचारी आन्दोलनको तयारीमा




बुटवल । गत वर्ष शिक्षक महासंघको नेतृत्वमा काठमाडौंमा भएको २९ दिन लामो आन्दोलनपछि सरकारले २०८२ बैशाख १७ गते शिक्षकको माग सम्बोधन गर्न मन्त्रिपरिषद्बाट ९ बुँदे पारित गरे पनि कार्यान्वयन नभएपछि नेपाल शिक्षक महासंघ फेरि आन्दोलनको तयारीमा जुटेको छ । २०८१ चैत २० देखि २०८२ वैशाख १७ गतेसम्म महासंघको नेतृत्वमा देशभरका शिक्षक काठमाडौं आएका थिए ।

'९ बुँदेको कार्यान्वयन भएको छैन । माग पूरा नभएपछि आन्दोलन अनिवार्य हो । परिस्थितिले आन्दोलनमा लैजाँदै छ,' शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने-'यो सरकारको बेवास्ताको कारण हो ।' महासंघले आफ्ना मागबारे सरकारलाई ध्यानाकर्षण पनि गराइसकेको छ । 'मन्त्रीज्यूलाई एजेन्डा राखेका छौं । हेर्छौं भन्नु भएको छ । हामी पनि हेर्दै छौं ।'- अध्यक्ष सुवेदीले भने ।

गत वर्ष शिक्षक महासंघले शिक्षा ऐन जारी गर्न माग राखेर आन्दोलन गरेको थियो । र, तत्कालीन प्रतिनिधिसभाबाट विधेयक पास गर्ने तयारी थियो । तर जेनजी आन्दोलनका कारण संसद् नै विघटन भएपछि विधेयक पास हुन पाएन ।

'बैशाख १७ को ९ बुँदे कार्यान्वयन भएको छैन । सबै काम काँचो-काँचो भएको छ,' अध्यक्ष सुवेदीले भने- 'ऐन आउने निश्चत भएको छैन ।' २०८० भदौ २७ गते तत्कालीन संसद्मा विद्यालय शिक्षा विधेयक दर्ता भएको थियो । र, शिक्षा समितिबाट विधेयक पास भएर संसद्मा पेस गरिएको थियो ।

» बाँकी ३ पेजमा

## बालेन सरकारले धेरै गल्ती गरिसक्यो : शमशेर




बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी परित्याग गरेका डा. धवल शमशेर राणाले वर्तमान सरकारको आयुलाई लिएर प्रश्न उठिसकेको टिप्पणी गरेका छन् । बालेन शाह नेतृत्वको वर्तमान सरकारले धेरै गल्ती गरेकाले त्यसको आयुलाई लिएर देशभर प्रश्न उठरिहेको उनको जिकिर थियो ।

आइतबार काठमाडौंमा आयोजित राष्ट्रवादी पार्टी निर्माणार्थ जिम्मेवारी हस्तान्तरण तथा परिचयात्मक कार्यक्रममा बोल्दै नेता राणाले सरकारले समय दिन नपुग्दै गल्ती गरेकाले सरकारको नयाँ विकल्पको रुपमा आफूहरूले नयाँ पार्टी खोल्न लागेको दाबी समेत गरे ।

नयाँ पार्टीले राजासहितको प्रजातन्त्र बोक्ने र मुलुकलाई हिन्दु राष्ट्र कायम गराउने गरी वर्तमान सरकारको विकल्प दिने उनले बताए ।

नेता राणाले मलमास परेकाले नयाँ पार्टीको नाम, झण्डासहितको कार्यक्रम केही पछि मात्रै सार्वजनिक गर्ने निर्णय गरिएको बताए ।

उनले भने-'यो बालेन सरकार पनि के होला, कसो होला ? भन्ने यो सय दिन नपुग्दै तमाम प्रश्न चिह्नहरू उठिसके । तमाम गल्तीहरू गरिसके । यो बालेन सरकार देशमा असफल भयो भने नेपाली जनताले एउटा विकल्प खोज्नेछन् । त्यो विकल्प भनेको एमाले, कांग्रेस, माओवादी र राप्रपा पनि होइन । त्यो विकल्प भनेको राजासहितको प्रजातन्त्र बोक्ने पार्टी, हिन्दुराष्ट्र ल्याउने पार्टी त्यो विकल्प हुनेछ । त्यो विकल्प हाम्रो पार्टीले दिनेछ । हाम्रो नयाँ बन्ने पार्टीले दिनेछ ।'

नेता राणाले नयाँ पार्टीले आगामी स्थानीय तहमा भाग लिने घोषणा पनि गरे ।

# यस्तो बन्यो रास्वपा लुम्बिनीको प्रदेश समिति

**अधिवेशनमा राजनीतिक, वैचारिक विषयमा कुनै वहस र छलफल नभएको,दोस्रो चरणको चुनावसम्म दुई तिहाईभन्दा धेरै प्रतिनिधि लाखापाखा लागेर ८४३ प्रतिनिधिमध्ये २४८ जना मात्र मतदानमा सहभागी भएका भन्दै प्रतिनिधिहरुले असन्तुष्टी जनाएका थिए ।**











**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा लुम्बिनी प्रदेश समितिको पहिलो अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ । सभापतिमा रुपन्देहीका शालिकराम घिमिरे निर्वाचित भएका छन् ।

सभापतिमा ६ जनाबिच चुनाव भएको थियो । जसमा घिमिरेले १९९ मत पाएका थिए । सदर मतको ५१ प्रतिशत मत नपाएपछि दोस्रो चरणको चुनाव हुने भनिएको थियो । तर अर्का निकटतम प्रतिस्पर्धी गोपाल घिमिरेले शालिकरामलाई सभापतिमा स्वीकार गर्दै पछि हटेपछि दोस्रो चरणको चुनाव भएको थिएन । सभापतिमा अर्घाखाँचीका गोपाल घिमिरेले ८७, रुपन्देहीका गणेश पौडेलले ८४, बाँकेका डा. राजकुमार सुवेदीले ८०, रुपन्देहीका मञ्जु भुसालले ७१ र रुपन्देहीका मधुप्रसाद अर्यालले सबैभन्दा कम १९ मत प्राप्त गरेका थिए । सभापतिमा निर्वाचित घिमिरे प्रदेश सदस्य, कोषाध्यक्ष हुँदै उप-सभापति बनेका थिए ।

दोस्रो चरणमा भएको निर्वाचनबाट उपसभापति पदमा दुर्गा अर्याल निर्वाचित भएकी छन् । उपसभापतिमा अर्यालसँगै कमलप्रसाद पोखरेल, लोकनाथ विक, भक्तबहादुर डांगीले प्रतिस्पर्धा गरेका थिए । अधिवेशनमा ८४३ मतदाता रहेको सो पार्टीले बताएको थियो । तर पहिलो चरणको निर्वाचनमा ५४२ मत र दोस्रो चरणको मतदानमा २४८ मत मात्र खसेको थियो । पहिलो चरणको निर्वाचनमा मतदान गरेपछि प्रतिनिधिहरु घर फर्केकाले दोस्रो चरणको मतदानमा न्यून मत खसेको हो ।

जसमा दुर्गाले १०४ मत पाएर निर्वाचित भएकी हुन् । महामन्त्रीमा सीएम उपाध्याय निर्विरोध भएका थिए । दुई सहमहामन्त्रीका लागि ७ जनाले प्रतिस्पर्धा गरेकामा पुरुषतर्फ विक्रम पौडेल र महिलातर्फ मुना हमाल निर्वाचित भएकी छन् । पौडेलले ९० र हमालले १७८ मत पाएर निर्वाचित भए ।

प्रदेश समिति सदस्यहरुमा प्रभा ज्ञवाली, शिलाकुमारी के सी, भगवती न्यौपाने ढकाल, निरज गहतराज, कृष्णा वि.क., भोजबहादुर बुढाथोकी, सुमित श्रेष्ठ, प्रभा चौधरी, नौशिन फातिमा, अर्जन सापकोटा, निर्मला भट्टराई (निरु), युवराज ढकाल, राजु कार्की, चेतबहादुर बस्नेत, तेजप्रसाद बस्याल, लोकनाथ विक, टेकनाथ गिरी, रविन थापा, गिरिराज भुसाल, उदय भूसाल निर्विरोध निर्वाचित भएका छन् ।

यस्तै प्रदेश सदस्यहरुमा बिहारी चौधरी, गोविन्द चौधरी, सञ्जयप्रसाद गुप्ता,गौतमप्रसाद पाण्डेय, कमलप्रसाद पोखेल, ओम प्रकाश गुप्ता, मायादेवी खनाल, पार्वती ढकाल, विष्णुप्रसाद पौडेल, अभिमन्यू पोखेल, हेम कमार जि.सी, विष्णुप्रसाद गौतम,भक्त बहादर डांगी, कृष्णबहादुर खत्री र कलप्रसाद जैसी मतदानबाट निर्वाचित भएका छन् ।

प्रदेश समिति सदस्य ५७ सदस्यीय हुने भए पनि अधिवेशनले ४० जना मात्र निर्वाचित गरेको छ । प्रदेश कोषाध्यक्ष र प्रवक्ता निर्वाचित कार्यसमितिको बैठकले मनोनित गर्ने रास्वपा नेता डा. बुद्धिप्रसाद शर्माले बताए ।

अधिवेशनमा राजनीतिक, वैचारिक विषयमा कुनै वहस र छलफल नभएको, दोस्रो चरणको चुनावसम्म दुई तिहाई भन्दा धेरै प्रतिनिधि लाखापाखा लागेर ८४३ प्रतिनिधि मध्ये २४८ जना मात्र मतदानमा सहभागी भएका भन्दै प्रतिनिधिहरुले असन्तुष्टी जनाएका थिए । नेकपा एमालेबाट केही महिना अघि रास्वपा प्रवेश गरेका ती प्रतिनिधिले अधिवेशन नेतृत्वमा आउन चाहनेका लागि मात्रै अधिवेशन भएको, तर आम प्रतिनिधिका लागि पार्टीको वैचारिक, राजनीतिक वहस छलफल र मार्गनिर्देशन हुने अपेक्षा गरिएकामा केही पनि नहुंदा खल्लो र भद्रगोल भएको बताए । अधिवेशनमा रास्वपाका सहमहामन्त्री विपिन आचार्यले पार्टीमा पद प्राप्त गर्न खोज्ने पदलोलुपहरुको बिगबिगी रहेको भन्दै चिन्ता व्यक्त गरेका थिए ।

चुनावमा टिकट नदिए पनि पार्टीलाई माया गरेर क्रियाशील भइरहनु पर्नेमा पदीय भूमिका खोज्ने क्रम बढेको उनले बताए ।

'यहाँ त चार वर्षमा मन्त्री पाएन भने पार्टी नै छोडिदिन्छु भन्ने साथीहरुको विगविगि छ,' लुम्बिनीको प्रदेश अधिवेशनमा आचार्यले भने-'अथवा, चार वर्षमा सभापति बन्न पाइन भने सभापति त कामै लाग्दैन । अर्को पार्टी तिर जानु पर्छ कि भन्ने लाग्छ । यो सही हो र ?'

पुराना दलबाट धैर्यता सिक्न पार्टीका कार्यकर्तालाई आचार्यले सुझाव दिए । पुरानो पार्टीमा धैर्यता भन्ने कुरा गजब रहेको उल्लेख गर्दै आचार्यले भने-'३०-३५ वर्ष पछाडि टिकट पाउँदा खेरि पनि त्यो पार्टी प्रति माया थियो उनीहरूलाई । आज हामी चार वर्षमा भनेको जस्तो पद पाएनौं भने अब त मेरो पोलिटिकल करियर सकिहाल्यो कि भनेको जस्तो गर्छौं ।'

आफूबाहेक अरु कोही पनि सही नलाग्ने प्रवृत्ति त्यागनुपर्ने उनले बताए । आफूबाहेक अर्को व्यक्ति पदमा गए देश/पार्टी बिग्रन्छ भन्ने भावना नराख्न उनले कार्यकर्तालाई आग्रह गरेका थिए ।

## सहकारी ठगीको पैसा जनताको करबाट तिरे व्यवस्था नै ढल्छ : प्रसाईं



बुटवल । नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले मुलुकमा वर्तमान गणतान्त्रिक शासन व्यवस्थाको अन्त्य हुने चेतावनी दिएका छन् । काठमाडौंमा आइतबार आयोजित 'प्रस्तावित राष्ट्रवादी पार्टी निर्माणार्थ जिम्मेवारी हस्तान्तरण तथा परिचयात्मक कार्यक्रम' मा बोल्दै उनले यस्तो जिकिर गरेका हुन् ।

जानीजानी सहकारी ठग्नेहरूको पैसा जनताको करबाट तिर्ने काम सुरु गर्ने बित्तिकै वर्तमान सरकारको दशा सुरु हुने र यो व्यवस्था नै नरहने प्रसाईंको भनाइ छ । संयोजक प्रसाईंले वर्तमान सरकार र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई लक्षित गर्दै आफूले यसअघि नेकपा (एमाले) लाई जस्तै नाङ्गेझार पार्ने चेतावनी दिए ।

पैसा दिएर राखिएका २-४ जना कन्टेन्ट क्रिएटरहरूले सामाजिक सञ्जालमा मुख छाड्ने काम गरिरहेको आरोप लगाउँदै उनले ती सबैका घरहरू मान्छेले वाच गरिरहेको बताए । मुलुकमा अब अर्को आन्दोलन हुने र त्यस आन्दोलनले पिँध नभएको गमला जस्तो वर्तमान शासन व्यवस्थालाई बढार्ने उनले दाबी गरे । सरकारले निजी अस्पतालहरूलाई स्वास्थ्य बिमा बापतको २२ अर्ब रुपैयाँ नदिएको, दुग्ध किसानको १० अर्ब भुक्तानी दिन बाँकी राखेको र किसानलाई मल समेत उपलब्ध गराउन नसकेको भन्दै उनले सरकार जनताका समस्यामा गम्भीर नभएको आरोप लगाए ।

» बाँकी ३ पेजमा

## कांग्रेसलाई फुट्न दिन्नः शेखर

बुटवल । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले नेपाली कांग्रेसलाई कुनै पनि हालतमा फुट्न नदिने बताएका छन् ।

विराटनगरमा आइतबार आयोजित पार्टीको संस्थापन इतर पक्षको भेलालाई सम्बोधन गर्दै उनले एकढिक्का बनाएर अगाडि बढाउने बताएका हुन् ।

भेलालाई सम्बोधन गर्दै कोइरालाले पछिल्लो समय पार्टीभित्र निरंकुशताको संकेत देखिएको बताए ।'नेपाली कांग्रेसको जन्म नै लोकतन्त्रको स्थापना र निरंकुशताको अन्त्यका लागि भएको हो,' कोइरालाले भने-'तर अहिले अद्यावधिक गर्न नमानेको बहानामा देशैभरिका वडा सभापतिहरूलाई मौखिक रूपमा हटाउने काम भइरहेको छ । यो निरंकुशताको सुरुवात हो, जुन कांग्रेसको आदर्शविपरीत छ ।'

डा. कोइरालाले पार्टीभित्रको आन्तरिक विवाद समाधानका लागि ५ बुँदे प्रस्ताव पेस गरेको बताएका छन् । सभापति गगन थापासँग छलफल गरी ५ बुँदे प्रस्ताव अघि सारेको बताएका हुन् । उनका उक्त प्रस्तावमा नेतृत्व सकारात्मक देखिए पनि कार्यान्वयनमा ढिलासुस्ती भएको छ । भेलालाई उनले प्रस्ताव पढेर सुनाए ।

१५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता अद्यावधिक अनिवार्य नगर्ने,. १४औं महाधिवेशनपछि नवीकरण र वितरण गरिएका क्रियाशील सदस्यकै आधारमा १५औं महाधिवेशन गर्ने, १४औं महाधिवेशनको केन्द्रीय समिति, कार्यसमिति र विशेष महाधिवेशनको कार्यसमितिलाई समायोजन गरी एउटै बनाउने, कार्य सम्पादन समिति गठन गर्दा सभापतिको बहुमत हुने गरी व्यवस्था गर्ने तथा निर्वाचन, क्रियाशील सदस्यता, छानबिन, अनुशासन र विधान लगायतका महत्वपूर्ण समितिहरू आपसी सहमति र समझदारीका आधारमा मात्र गठन गर्ने प्रस्ताव सभापतिलाई पेस गरेको डेढ महिना बिते पनि प्रगति भने नभएको उनको दाबी छ ।



'यी प्रस्ताव गरेको डेढ महिना भइसक्यो, तर आखिर केले रोकिराखेको छ ?,' उनले भने-' किन बारम्बार कुरा फेरिरहनु भएको छ ?'

कोइरालाले कांग्रेस कमजोर हुँदा देशको लोकतन्त्र, सार्वभौमिकता र अखण्डता समेत कमजोर हुने बताए ।

'कांग्रेस अहिलेकै परिस्थितिमा अगाडि बढ्न सक्दैन । हामीले सबै शक्तिलाई एकताबद्ध गर्नुपर्छ । सहमति, सहकार्य र एकता नै आजको आवश्यकता हो,' उनले भने-'कांग्रेस कमजोर हुँदा राष्ट्रियता कमजोर हुन्छ ।'

सामाजिक सञ्जालमा आउने प्रतिक्रियाको पछि नलाग्न कार्यकर्तालाई आग्रह गर्दै उनले पार्टीलाई मजबुत बनाउन तल्लो तहदेखि नै एकताको सन्देश लैजानु पर्ने बताए । 'म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु, पार्टी फुट्दैन र म फुट्न दिने पनि छैन । ढुक्क भएर संगठन निर्माणमा लाग्नुहोस् ।'- उनले भने । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले पार्टीभित्र भइरहेको आन्तरिक कलह, कार्यशैली र महाधिवेशनको अन्योललाई चिर्नु पर्ने बताएका छन् ।

» बाँकी ३ पेजमा

नगरवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

विनय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सुदीप पौडेल
नगर प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# नागरिकलाई बाँच्न देऊ सरकार

गरिब हुनु कसैको रहर हुँदै होइन् । उनीहरुको पनि बाँच्ने अधिकार हुन्छ । बाँच्नकै लागि उनीहरु सडकमा विभिन्न पेशा र व्यवसायमा संलग्न हुन्छन् । उनीहरुसँग लगानी गर्ने पुँजी छैन । जीविकोपार्जनको कुनै माध्यम छैन । जेनतेन सडकमा बाँच्ने आधार जुटाउने गरिबप्रति राज्य अनुदार हुनु निन्दनीय छ ।

सुर्खेतमा काफल बेच्दै गरेकी महिलाको काफल फ्याकेर अमानवीय काम भयो । काठमाडौंमा मकै पोल्दै गरेकी महिलाको ठेला खोसेर अमानवीय क्रियाकलाप भयो । पछिल्लोपटक कैलालीमा वन अतिक्रमण हटाउने क्रममा कर्मचारीले टेम्पो भिरबाट खसालेर निन्दनीय काम गरेका छन् । गोदावरी नगरपालिका-४ को बाँसपानीमा सडक छेउमा राखेर खुद्रा सामान बिक्री गर्न पुरानो टेम्पो गोदावरीकै धनादेवी धामीले प्रयोग गरेकी थिइन् । टेम्पोबाट कर्मचारीले सामान झारेपछि टेम्पो घर लैजान्छु भन्दा पनि नमानेर सडकबाट भिरमा खसाली दिएको धामीको भनाइ छ । डिभिजन वन कार्यालयका कर्मचारीले नियतबश नभई अतिक्रमण पन्छाउँदा टेम्पो खसेको बताएका छन्, तर टेम्पो खसेको भिडियो हेर्दा जबर्जस्ती टेम्पो धकेलेर भीरबाट फालेको देखिन्छ ।

पहिले रिक्सा भीरबाट खसाइएको रहेछ । अहिले टेम्पो खसाइयो । टेम्पोमा सामान ल्याएर बिक्री गर्ने र साँझ घर जाने गरी व्यवसाय गर्दा वनका कर्मचारीले सम्झाइबुझाई गर्न सक्थे । तर सडकमा हुने व्यापार रोक्ने नै हो भने त्यो हटाउने काम सडक डिभिजनको हो । प्रक्रियागत ढंगले वनका कर्मचारीले गल्ती गरे । अर्को कुरा अतिक्रमण गरी व्यापार गरेको भए पनि भीरबाट टेम्पो खसाल्नु अमानवीय काम हो । कानुन प्रयोग र कार्यान्वयन गर्ने निकायले कानुन हातमा लिने कामले सुशासन दिँदैन । सामाजिक सञ्जालमा भीरबाट खसिरहेको टेम्पोमा भइरहेको आलोचनापछि प्रहरीले १० कर्मचारीलाई नियन्त्रणमा लिएको छ । अब प्रहरीले टेम्पो आफैं खसेको हो वा खसाइएको हो, प्रष्ट छानबिन गर्नुपर्छ । खसाइएको हो भने वन कर्मचारीलाई कानुनअनुसार कारबाही हुनुपर्छ ।

अहिले सरकारलाई केही नयाँ काम गर्ने हुटहुटी छ । संघीय सरकारको नयाँ काम गर्ने हुटहुटीपछि प्रदेश र स्थानीय सरकार पनि दबाबमा छन् । काम गर्ने हुटहुटीमा ढंग पुग्दा राम्रो नतिजा निस्कन्छ । काम गर्ने ढंग नपुग्दा नतिजा प्रतिकुल आउँछ । राज्यले कानुन हातमा लिएर अमानवीय क्रियाकलाप गर्दै जादा नागरिक प्रतिरोध बढ्दै जान्छ । अन्ततः सरकार कमजोर हुन्छ । जनमतको बल राम्रो गर्नका लागि हो, प्रतिरोध बढ्दै गए चुनावमा प्राप्त शक्ति कमजोर बन्न अर्को चुनाव कुर्नु पर्दैन ।

# जनताको आशा र राजनीतिक नेतृत्वको परीक्षा



दीपक रिजाल

*इतिहासले राजनीतिक दलहरूलाई उनीहरूले गरेका भाषणका आधारमा होइन, दिएका परिणामका आधारमा मूल्यांकन गर्नेछ । जनताले पनि अब आश्वासनको राजनीति होइन, उपलब्धिको राजनीति खोजिरहेका छन् । संसद् बन्द गरेर होइन, संसद् चलाएर लोकतन्त्र बलियो हुन्छ । जनताको विश्वास जित्ने बाटो पनि त्यही हो । संसद् आज अवरुद्ध हुन सक्छ, तर जनताको आशा सधैं अवरुद्ध रहँदैन ।*

नेपालको राजनीति फेरि एकपटक त्यही पुरानै चक्रमा फसेको देखिन्छ । संसद् अवरुद्ध छ । सरकार र प्रतिपक्ष आ-आफ्नो अडानमा अडिग छन् । सत्ता र प्रतिपक्षबिच आरोप-प्रत्यारोप चलिरहेको छ । तर यो सबैबिच एउटा प्रश्न दिनप्रतिदिन गम्भीर बन्दै गएको छ । यो राजनीतिक संघर्ष कसका लागि हो ? जनताका लागि कि दलहरूका लागि ? लोकतन्त्रको मूल आत्मा संसद् हो । संसद् केवल कानुन बनाउने संस्था मात्र होइन, जनताको सार्वभौम अधिकारको प्रतिनिधि मञ्च हो ।

जनताले आफ्ना प्रतिनिधिलाई संसदमा पठाउनुको अर्थ आफ्ना समस्या, आकांक्षा र सरोकार त्यहाँ उठून् भन्ने हो । तर आज संसद् चलिरहेको छैन। देशका प्रमुख राजनीतिक शक्तिहरू संसद् सञ्चालनभन्दा पनि राजनीतिक लाभ-हानिको गणितमा व्यस्त देखिन्छन् । वास्तविकता के हो भने संसद् अवरोधको कारणभन्दा पनि यसको परिणाम अहिले बढी चिन्ताको विषय बनेको छ । संसद् बन्द हुँदा कानुन निर्माण रोकिन्छ, नीति निर्माण प्रभावित हुन्छ, सरकारमाथिको निगरानी कमजोर बन्छ र अन्ततः जनताका मुद्दा ओझेलमा पर्छन् ।

तर विडम्बना, संसद् अवरुद्ध हुँदा सबैभन्दा कम चिन्तित देखिनेहरू स्वयं राजनीतिक दलहरू नै हुन् । सरकारले संसद् सञ्चालनको वातावरण बनाउन सकेको छैन। बहुमतको नेतृत्व गरिरहेको सरकारले आफ्नो राजनीतिक कौशल प्रयोग गरेर निकास दिनुपर्ने हो । तर सरकार समस्याको समाधान खोज्नुभन्दा आफ्नो राजनीतिक हैसियत सुरक्षित गर्न बढी केन्द्रित देखिन्छ । सत्ता सञ्चालन भनेको केवल मन्त्रालय चलाउनु होइन, संकट व्यवस्थापन पनि हो । संसद् अवरुद्ध भइरहँदा सरकार मौन बस्नु वा दोष अरूमाथि थोपर्नु नेतृत्वको सफलताको सूचक हुन सक्दैन । यता प्रतिपक्ष पनि पूर्ण रूपमा निर्दोष देखिँदैन ।

लोकतन्त्रमा प्रतिपक्षको भूमिका केवल अवरोध सिर्जना गर्नु होइन, विकल्प दिनु पनि हो । विशेष गरी परिवर्तनको आशा बोकेर उदाएका नयाँ राजनीतिक शक्तिहरूमाथि जनताको अपेक्षा अझ ठूलो हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीप्रति जनताले राखेको विश्वासको आधार पुराना दलहरूजस्तो नबन्ने अपेक्षा थियो । तर अहिलेको जटिल राजनीतिक परिस्थितिमा रास्वपाले अपेक्षित स्तरको निकासमुखी भूमिका निर्वाह गर्न सकेको छ कि छैन भन्ने प्रश्न उठ्न थालेको छ । वास्तवमा आजको संकट कुनै एक दलको असफलता मात्र होइन । यो नेपालको समग्र राजनीतिक संस्कृतिको संकट हो ।

२०६२/६३ को जनआन्दोलनपछि नेपाली जनताले ठूलो परिवर्तनको सपना देखेका थिए । गणतन्त्र आयो, संघीयता आयो, नयाँ संविधान आयो। राजनीतिक परिवर्तनका सबै प्रमुख एजेन्डा पूरा भए । तर जनताको दैनिक जीवनमा अपेक्षित परिवर्तन आउन सकेन। आज पनि लाखौं नेपाली युवाहरूको सपना विदेशको विमानस्थलबाट सुरु हुन्छ । गाउँका घरहरू रित्तिँदै छन् । खेत बाँझिँदै छन् । उत्पादन घटिरहेको छ । शिक्षित जनशक्ति देशभित्र अवसर नदेखेर पलायन भइरहेका छन्। राजनीतिक नेतृत्वले विकासको भाषण त धेरै गऱ्यो, तर युवालाई देशमै भविष्य देखाउने वातावरण बनाउन सकेन ।

अर्थतन्त्रको अवस्था पनि त्यति उत्साहजनक छैन । बैंकमा तरलता छ, तर लगानीको वातावरण छैन। निजी क्षेत्र विस्तार हुन सकेको छैन। उद्योगी-व्यवसायी भविष्यप्रति आशावादी देखिँदैनन् । उपभोक्ताको क्रयशक्ति कमजोर हुँदै गएको छ। रोजगारी सिर्जना गर्ने क्षेत्रमा अपेक्षित प्रगति भएको छैन । सरकारको नीति र कार्यक्रम हेर्दा महत्वाकांक्षी देखिए पनि कार्यान्वयन पक्ष सधैं कमजोर रहने पुरानो रोग यथावत् छ । यही कारणले जनतामा एउटा गम्भीर प्रश्न उठ्न थालेको छ, राजनीति आखिर कसका लागि भइरहेको छ ।

संसद् अवरोध हुँदा किसानको मलको समस्या समाधान हुँदैन । बेरोजगार युवाले जागिर पाउँदैन । महँगीले थिचिएको परिवारलाई राहत मिल्दैन । अस्पतालमा औषधिको अभाव हट्दैन । विद्यालयको गुणस्तर सुध्रिँदैन । तर राजनीतिक दलहरू भने आफ्ना एजेन्डा स्थापित गर्न संसद् नै बन्द गर्न तयार देखिन्छन् । अहिले विश्व परिस्थिति पनि नेपालको पक्षमा सहज छैन । मध्यपूर्वमा बढ्दो तनाव, विश्व अर्थतन्त्रको सुस्तता, अन्तर्राष्ट्रिय व्यापारमा देखिएको अनिश्चितता र भू-राजनीतिक प्रतिस्पर्धाले साना राष्ट्रहरूलाई प्रत्यक्ष प्रभाव पारिरहेको छ । नेपालजस्तो विप्रेषणमा आधारित अर्थतन्त्रका लागि यी चुनौती झन् गम्भीर छन् ।

यस्तो बेला नेपाललाई राजनीतिक स्थिरता चाहिएको थियो । लगानी आकर्षित गर्ने वातावरण चाहिएको थियो । रोजगारी सिर्जना गर्ने ठोस योजना चाहिएको थियो । कृषि र उत्पादनमा क्रान्तिकारी सुधार चाहिएको थियो । तर दुर्भाग्यवश राष्ट्रिय बहसको केन्द्रमा यी विषय छैनन् । संसद् किन चल्दैन, कसले अवरोध गऱ्यो र कसले कसलाई आरोप लगायो भन्ने विषयले राष्ट्रिय एजेन्डालाई नै विस्थापित गरेको छ ।

अर्कोतर्फ, जनतामा बढ्दै गएको निराशालाई राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक बुझ्न सकेको देखिँदैन । लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति जनताको विश्वास हो । तर जब जनताले आफ्नो मतको मूल्य अनुभूत गर्न छोड्छन्, तब लोकतन्त्रको जग नै कमजोर हुन थाल्छ । आज धेरै नेपाली नागरिकले एउटै प्रश्न सोधिरहेका छन् । हिजो परिवर्तनका नाममा भएको संघर्षले आखिर के दियो ? अनुहार फेरिए, सरकार फेरिए, गठबन्धन फेरिए, तर शासनशैली किन फेरिएन ? किन आज पनि भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक भागबन्डा र अकर्मण्यता उस्तै छन् ? यी प्रश्नहरू सामान्य असन्तुष्टि होइनन् ।

यी लोकतान्त्रिक व्यवस्थाको गुणस्तरमाथिका प्रश्न हुन् । राजनीतिक नेतृत्वले यी प्रश्नलाई आलोचनाका रूपमा होइन, चेतावनीका रूपमा बुझ्न आवश्यक छ । नेपाल अहिले एउटा निर्णायक मोडमा उभिएको छ । अवसरहरू पनि छन्, चुनौतीहरू पनि छन् । युवा जनशक्ति छ, प्राकृतिक स्रोत छ, पर्यटनको सम्भावना छ, रणनीतिक भूराजनीतिक अवस्था छ । तर यी सबै सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्न राजनीतिक इच्छाशक्ति, सुशासन र स्थिरता आवश्यक पर्छ । दुर्भाग्यवश, आजको राजनीतिक बहस हेर्दा लाग्छ ।

देशभन्दा दल ठूलो, दलभन्दा नेता ठूलो र नेताभन्दा व्यक्तिगत स्वार्थ ठूलो बनिरहेको छ । यही प्रवृत्तिले लोकतन्त्रलाई कमजोर बनाउँछ र जनताको विश्वास क्षय गर्छ । आज नेपाललाई अर्को आन्दोलन होइन, जिम्मेवार नेतृत्व चाहिएको छ । अर्को राजनीतिक प्रयोग होइन, परिणाम दिने शासन चाहिएको छ । अर्को भाषण होइन, काम चाहिएको छ । संसद् अवरोध, शक्ति संघर्ष र आरोप-प्रत्यारोपको राजनीतिबाट देशलाई निकास मिल्दैन । निकास तब मात्र सम्भव हुन्छ, जब राजनीतिक दलहरूले आफ्ना दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्छन् ।

अन्ततः इतिहासले राजनीतिक दलहरूलाई उनीहरूले गरेका भाषणका आधारमा होइन, दिएका परिणामका आधारमा मूल्यांकन गर्नेछ । जनताले पनि अब आश्वासनको राजनीति होइन, उपलब्धिको राजनीति खोजिरहेका छन् । संसद् बन्द गरेर होइन, संसद् चलाएर लोकतन्त्र बलियो हुन्छ । जनताको विश्वास जित्ने बाटो पनि त्यही हो । संसद् आज अवरुद्ध हुन सक्छ, तर जनताको आशा सधैं अवरुद्ध रहँदैन । जब आशा निराशामा बदलिन थाल्छ, तब इतिहासले नयाँ मोड लिन्छ । राजनीतिक नेतृत्वले समयमै यो सन्देश बुझ्नु नै आजको नेपालको सबैभन्दा ठूलो आवश्यकता हो ।

समाचार पत्रबाट

# गर्मीमा बालबालिकामा 'हिट एक्सहस्टन' : लक्षण, जोखिम र बच्ने उपाय

डा. अरुणकुमार सिंह

*हिट स्ट्रोक जस्तो गम्भीर अवस्थाबाट बच्न हिट एक्सहस्टन लाई समयमै पहिचान गर्नु अत्यन्त आवश्यक छ । अभिभावकको सानो सचेतना र समयमै गरिएको हेरचाहले बालबालिकालाई ठूलो स्वास्थ्य जोखिमबाट जोगाउन सक्छ । गर्मीको मौसममा बालबालिकाको विशेष ख्याल राखौं र उनीहरूको सुरक्षित, स्वस्थ तथा सक्रिय बाल्यकाल सुनिश्चित गरौं ।*

गर्मीको बिदा सुरु भएसँगै बालबालिका बाहिर खेल्न र रमाउन बढी रुचाउँछन् । तर चर्को घाम, तातो हावा (लु) र बढ्दो उमसका कारण उनीहरूको स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ ।

बालबालिकाको शरीर वयस्कको तुलनामा तापक्रमप्रति बढी संवेदनशील हुने भएकाले उनीहरूमा शरीरमा पानीको कमी (डिहाइड्रेसन) र हिट एक्सहस्टन हुने जोखिम छिट्टै बढ्छ ।

धेरैजसो अवस्थामा हिट एक्सहस्टनका प्रारम्भिक लक्षण सामान्य देखिन्छन् । त्यसैले अभिभावकले यसलाई सामान्य थकान वा गर्मीको असर ठानेर बेवास्ता गर्न सक्छन् ।

तर समयमै ध्यान नदिँदा यो अवस्था गम्भीर बन्दै हिट स्ट्रोक मा परिणत हुन सक्छ, जुन ज्यानसमेत जोखिममा पार्ने अवस्था हो। त्यसैले अभिभावकले यसको सुरुआती संकेत चिन्नु र तुरुन्त उचित कदम चाल्नु आवश्यक छ ।

**हिट एक्सहस्टन के हो ?**

हिट एक्सहस्टन अत्यधिक गर्मीका कारण शरीरबाट पानी र नुन (इलेक्ट्रोलाइट) को अत्यधिक कमी हुँदा हुने अवस्था हो। यसले शरीरको तापक्रम नियन्त्रण गर्ने प्रणालीलाई कमजोर बनाउँछ र विभिन्न स्वास्थ्य समस्या निम्त्याउँछ ।

**बालबालिकामा देखिने प्रमुख लक्षणहरू**

हिट एक्सहस्टनका लक्षणहरू बिस्तारै देखिन सुरु हुन्छन् र समयसँगै बढ्न सक्छन् ।

मध्यमदेखि उच्च ज्वरो (१००°F देखि १०४°F सम्म)
चिसो र चिपचिपा छाला
अत्यधिक पसिना आउनु
चक्कर लाग्नु तथा कमजोरी महसुस हुनु
टाउको दुख्नु
बारम्बार तिर्खा लाग्नु
चिडचिडापन वा व्यवहारमा परिवर्तन आउनु
मांसपेशीमा ऐंठन (क्र्याम्प्स), विशेषगरी हातखुट्टामा
वान्ता हुनु वा वान्ता जस्तो महसुस हुनु

हिट एक्सहस्टन देखिएमा तुरुन्त के गर्ने ?

यदि बालबालिकामा माथिका लक्षण देखिए भने ढिला नगरी निम्न उपाय अपनाउनुपर्छ ।

**१. तुरुन्त चिसो ठाउँमा लैजानुहोस्**

बालबालिकालाई घामबाट हटाएर छायाँ, पंखा वा वातानुकूलित (एसी) कोठामा राख्नुहोस् ।

**२. शरीर चिसो बनाउनुहोस्**

चिसो पानीमा भिजेको कपडाले शरीर पुछ्नुहोस् वा हल्का चिसो पानीले करिब १० मिनेटसम्म नुहाउन दिनुहोस् ।

**३. पर्याप्त तरल पदार्थ दिनुहोस्**

पानी, कागतीपानी, झोलिलो पदार्थ वा ओआरएस (ओरल रिहाइड्रेसन सोलुसन) पिउन दिनुहोस् ।

गर्मीबाट बालबालिकालाई कसरी जोगाउने ?

गर्मीमा केही सामान्य सावधानी अपनाउँदा ठूलो जोखिमबाट बच्न सकिन्छ ।

बिहान १० बजेदेखि बेलुका ५ बजेसम्मको चर्को घाममा बाहिर खेल्न नदिनुहोस् ।

हल्का, खुकुलो र सुती कपडा लगाइदिनुहोस् ।

दिनभर पर्याप्त पानी पिउन प्रोत्साहन गर्नुहोस् ।

बाहिर जाँदा टोपी, छाता वा अन्य सुरक्षात्मक सामग्री प्रयोग गराउनुहोस् ।

लामो समयसम्म घाममा बस्न नदिनुहोस् ।

अत्यधिक गर्मी भएको दिनमा बाहिरी खेलकुदको समय सीमित गर्नुहोस् ।

कहिले तुरुन्त अस्पताल लैजानुपर्छ ?

निम्नमध्ये कुनै लक्षण देखिएमा ढिला नगरी स्वास्थ्य संस्थामा लैजानुहोस् वा चिकित्सकको परामर्श लिनुहोस् ।

बच्चा अत्यधिक सुस्त हुनु वा बेहोसजस्तो देखिनु
बारम्बार वान्ता हुनु
उच्च ज्वरो कम नहुनु
पानी वा अन्य तरल पदार्थ पिउन नसक्नु
अत्यधिक कमजोरी देखिनु
श्वासप्रश्वासमा समस्या देखिनु वा असामान्य व्यवहार गर्नु

हिट स्ट्रोक जस्तो गम्भीर अवस्थाबाट बच्न हिट एक्सहस्टन लाई समयमै पहिचान गर्नु अत्यन्त आवश्यक छ । अभिभावकको सानो सचेतना र समयमै गरिएको हेरचाहले बालबालिकालाई ठूलो स्वास्थ्य जोखिमबाट जोगाउन सक्छ ।

गर्मीको मौसममा बालबालिकाको विशेष ख्याल राखौं र उनीहरूको सुरक्षित, स्वस्थ तथा सक्रिय बाल्यकाल सुनिश्चित गरौं ।

बालरोग विशेषज्ञ

# ९० वर्षको उमेरमा पनि मस्तिष्कको क्षमतामा सुधार आउन सक्ने

काठमाडौं । बढ्दो उमेरसँगै मानिसको मानसिक तीक्ष्णता र सोंच्ने क्षमता कमजोर हुँदै जान्छ भन्ने आम मान्यतालाई चुनौती दिँदै एक नयाँ अनुसन्धान सार्वजनिक भएको छ । 'द युनिभर्सिटी अफ टेक्सस एट डालस' अन्तर्गतको 'सेन्टर फर ब्रेनहेल्थ' का अनुसन्धानकर्ताहरूले गरेको तीन वर्ष लामो अध्ययनले ९० वर्षभन्दा बढी उमेर पुगेका मानिसको मस्तिष्क स्वास्थ्यमा पनि सुधार ल्याउन सकिने देखाएको हो ।

वैज्ञानिक जर्नल 'साइन्टिफिक रिपोर्ट्स' मा प्रकाशित यस अध्ययनमा १९ देखि ९४ वर्ष उमेर समूहका ३ हजार ९ सय ६६ जना व्यक्तिहरूलाई समावेश गरिएको थियो ।

अनुसन्धानका क्रममा सहभागीहरूले दैनिक मात्र ५ देखि १५ मिनेट मस्तिष्कलाई क्रियाशील बनाउने विभिन्न अभ्यासहरू (ब्रेन-ट्रेनिंग एक्टिभिटिज) गरेका थिए । तीन वर्षको निरन्तर ट्र्याकिङपछि अनुसन्धानकर्ताहरूले उनीहरूको सोंच्ने स्पष्टता, भावनात्मक सन्तुलन र जीवनप्रतिको दृष्टिकोणमा मापनयोग्य सुधार पाएका हुन् । मस्तिष्कको स्वास्थ्यमा आएको यो परिवर्तन मापन गर्न अनुसन्धान टोलीले 'ब्रेनहेल्थ इन्डेक्स' नामक एक विशेष विधि प्रयोग गरेको थियो । यस सूचकाङ्कले मानिसको निद्राको गुणस्तर, खुसीको स्तर र जटिल सोंच्ने क्षमतासहित करिब २० वटा सूचकहरूलाई मूल्याङ्कन गर्छ ।

अध्ययनकी प्रमुख लेखिका डा. लोरी कूकका अनुसार हरेक मानिसको मस्तिष्क औँठाको छाप जस्तै अद्वितीय हुन्छ र यसमा सधैँ विकासको सम्भावना रहन्छ । यो अध्ययनले उमेर बढेपछि मस्तिष्क कमजोर हुनै पर्छ भन्ने पुरानो धारणालाई गलत साबित गरिदिएको छ ।

यस अनुसन्धानको अर्को रोचक पक्ष के छ भने जुन सहभागीहरूको सुरुवाती मस्तिष्क स्वास्थ्य सूचकाङ्क (स्कोर) सबैभन्दा कम थियो, उनीहरूमा समयसँगै सबैभन्दा ठुलो सुधार देखियो । कम स्कोर भएका मानिसहरू आफ्नो मानसिक स्वास्थ्यप्रति बढी चिन्तित र उत्प्रेरित हुने भएकाले उनीहरूले अभ्यासमा बढी समय लगानी गरेको र त्यसको परिणाम पनि राम्रो देखिएको अध्ययनले जनाएको छ । यद्यपि, पहिलेदेखि नै राम्रो मानसिक क्षमता भएका व्यक्तिहरूमा पनि सुधारका लक्षणहरू रेकर्ड गरिएका छन् ।

सेन्टर फर ब्रेनहेल्थकी प्रमुख निर्देशक डा. स्यान्ड्रा बन्ड च्यापम्यानले मस्तिष्कको क्षमता उमेरले नभई सम्भावनाले निर्धारण गर्ने प्रष्ट पारिन् । उनका अनुसार मस्तिष्कमा कुनै समस्या वा रोग देखिनु अगावै यसलाई स्वस्थ राख्न गरिने प्रयासहरू बुढ्यौली उमेरमा पनि निकै प्रभावकारी हुन्छन् । अनुसन्धानकर्ताहरूका अनुसार मानिसको उमेर, लिङ्ग वा शैक्षिक योग्यता जस्ता कुराले मस्तिष्कको सुधारमा कुनै फरक पार्दैन, बरु व्यक्ति यी अभ्यासहरूमा कति धेरै संलग्न हुन्छ भन्ने कुराले मात्र मुख्य भूमिका खेल्छ । यस विषयलाई थप स्पष्ट पार्न डालस क्षेत्रका करिब ४०० सहभागीहरूको १ हजार २ सयभन्दा बढी मस्तिष्क स्क्यान (ब्रेन इमेजिङ) गरेर थप दीर्घकालीन अनुसन्धान पनि जारी राखिएको छ । एजेन्सी

# बाँदर आतङ्कका कारण खाद्यबालीको विकल्प रोज्दै किसान



ढोरपाटन । बागलुङका किसानले बाँदर आतङ्कका कारण परम्परागत खेती गर्न छाडेका छन् । बसाइँसराइका कारण गाउँघर सुनसान हुँदै गएपछि बाँदर आतङ्क बढेको हो । खेतबारीमा लगाएको मकै, गहुँ, कोदो, फापरलगायत फलफूल नष्ट गरिदिएपछि बाँदरले नष्ट नगर्ने खेती गर्न थालेका हुन् । किसानले खाद्यबालीको विकल्पमा अकबरे खुर्सानीको खेती गर्न थालेका छन् ।

जिल्लाको काठेखोला गाउँपालिका-८ धका किसान प्रेमप्रसाद कँडेलले मकै पाउन थालेदेखि बाँदरले नष्ट गर्न सुरु गर्ने भन्दै अहिले मकै नलगाएर अकबरे खुसानी लगाउन थालेको बताए । अकबरे बाँदरले नष्ट गर्न नसक्ने उहाँको भनाइ छ । पहिलो पटक अकबरेखेती गर्न थालेको भन्दै अकबरेको बजार राम्रो भएको उनको भनाइ छ ।

कँडेलले भने-"हामी त हैरानै भयौँ, बाँदरले बारीको मात्रै होइन घरको बार्दलीमै आएर अन्नबाली धनष्ट गरिदिन्छ, अहिले त्यही भएर खाद्यबाली लगाउने ठाउँमा अकबरे लगाएको छु, अब गहुँ धमकै लगाएर त भित्र्याउन नदिने भयो, बाँदर मार्न पाँदैन भन्छन्, बाँदरले हामीलाई त दिनु दुःख दिएको छ, केही विकल्प त खोज्नै पर्‍यो ।"

बागलुङ नगरपालिका-११ रायडाँडामा पनि बाँदरले सताएपछि किसानले अकबरे र अदुवाखेती गर्न थालेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताए । उनका अनुसार गाउँको विभिन्न स्थानमा यस वर्ष यहाँ ४० हजार अकबरेका बिरुवा रोपिएको छ । बाँदरका कारण किसान ठूलो मर्कामा परेको भन्दै यसको नियन्त्रणका लागि योजना बनाइ रहेको उनको भनाइ ।

"बाँदरले धेरै दुःख दिएपछि यस वर्ष अकबरेखेती गर्न सुरुआत गरेका छौँ, किसानले बारीमा अकबरे लगाउनुभएको छ, यो परीक्षण पनि हो", अध्यक्ष गौतमले भने-"राम्रो भयो भने आगामी वर्षदेखि वडाभरी अकबरे लगाउँछौँ, यस खेतीले किसानलाई केही राहत दिन्छ कि भन्ने अपेक्षा लिएका छौँ ।"

खाद्यबाली बाँदरले नष्ट गरेपछि तरकारीखेतीतर्फ लागेको स्थानीय तमबहादुर थापाले बताए । तरकारी बाँकी नराख्ने हुँदा यसपाली अकबरे लगाएको उनको भनाइ छ । सरकारले बाँदर नियन्त्रण गर्न नीति नलिए किसानले राम्रो उत्पादन गर्न नसक्ने थापा बताउँछन् ।

यस वर्ष रायडाँडामा पहिलो चरणमा यहाँका ७५ जना किसान अकबरे खुर्सानी उत्पादनमा लागेका छन् । चालिस हजारको बिउ ल्याएर ४० हजार बिरुवा उत्पादन गरिएको । यो योजना सफल भएमा बाँदरको आतङ्क भएका अन्य गाउँमा पनि अकबरेखेती गर्न सकिनेछ ।

# कृत्रिम पोखरी निर्माणपछि घट्यो मानव-वन्यजन्तु द्वन्द्व

बाँके । बाँके राष्ट्रिय निकुञ्जद्वारा निर्माण गरिएका कृत्रिम पोखरीका कारण वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुगेको छ । निकुञ्जले ३० वटा कृत्रिम पोखरी निर्माणले चुरे तथा भावर क्षेत्रमा वर्षौंदेखि रहँदै आएको पानी अभावको समस्या समाधान हुनाका साथै मानव-वन्यजन्तु द्वन्द्व घटेको जनाएको छ ।

निकुञ्जभित्रै बाह्रै महिना पानी उपलब्ध हुन थालेपछि पानीको खोजीमा मानव बस्तीसम्म पुग्ने वन्यजन्तुको संख्या घटेको निकुञ्जको भनाइ छ । निकुञ्जभित्र बसोबास गर्ने वन्यजन्तुको अवस्थासमेत सुधारिएको निकुञ्जका प्रमुख एवं बाँके राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताए ।

बाघको बासस्थान विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको बाँके राष्ट्रिय निकुञ्ज चुरे र भावर पारिस्थितिक प्रणालीको प्रतिनिधि क्षेत्र हो । यहाँको भौगोलिक बनावटका कारण सतहमा पानीको उपलब्धता न्यून रहने भएकाले सुक्खायाममा वन्यजन्तुले पानीको अभाव झेल्ने गरेका थिए । निकुञ्चमा प्राकृतिक रूपमा पानीको मुहान चगाई नाला र मुगुवा खोला रहेका छन् । यसबाहेक वर्षभरि पानी रहने भरपर्दो प्राकृतिक स्रोत नहुँदा वन्यजन्तु पानीको खोजीमा निकुञ्ज बाहिर निस्कने अवस्था थियो ।

यस समस्यालाई समाधान गर्न निकुञ्जले सौर्य ऊर्जामा आधारित डिप बोरिङ प्रणाली जडान गरी



कृत्रिम पोखरीहरूमा पानी भर्ने व्यवस्था गरेको छ । यस प्रविधिमार्फत् निकुञ्जको करिब ७२ किलोमिटर क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गरिएको छ ।

पानीसँगै घाँसेमैदानको व्यवस्थापनमा सुधार भएपछि वन्यजन्तुका लागि आवश्यक आहारा र बासस्थान दुवैको अवस्था सुदृढ बनेको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत कँडेलका अनुसार निकुञ्जभित्र पानी र आहाराको पर्याप्त व्यवस्था भएपछि बाघको मुख्य आहारा मानिने चितल, चौका, रतुवा, नीलगाई र जरायोलगायत वन्यजन्तुको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । आहारा प्रजातिको वृद्धि भएसँगै बाघ संरक्षणमा समेत सकारात्मक प्रभाव परेको उनले बताए ।

विगतमा पानी र आहाराको अभावका कारण बाँके, दाङ र सल्ल्यानका मध्यवर्ती क्षेत्रका गाउँबस्तीमा पुग्ने वन्यजन्तु अहिले निकुञ्जको कोर क्षेत्रमै केन्द्रित हुन थालेका छन् । यसले मानव-वन्यजन्तु द्वन्द्व घटाउनाका साथै स्थानीय बासिन्दामा सुरक्षा र विश्वासको भावना बढाएको उनले जनाए ।

"कृत्रिम पोखरी निर्माणको यो अभ्यासले वन्यजन्तु संरक्षण, पारिस्थितिक सन्तुलन र स्थानीय समुदायको सुरक्षालाई एकसाथ मजबुत बनाएको छ ।"- निकुञ्ज प्रमुख कँडेलले भने । उनका अनुसार निकुञ्जको यो प्रयासलाई चुरे तथा भावर क्षेत्रका अन्य संरक्षण कार्यक्रमका लागि उदाहरणीय अभ्यासका रूपमा हेरिएको छ ।

# पानी नपर्दा धानको ब्याड राख्न ढिलाइ

राँझा (बाँके) । जेठ महिनाको अन्त्य हुँदा पनि पर्याप्त पानी नपर्दा बाँकेमा धानको ब्याड राख्न ढिलाइ भएको छ । आकाशे पानीको भरमा धानखेती गर्दै आएका जिल्लाका अधिकांश किसानले धानको ब्याड राख्न नपाएको नेपालगञ्ज-१९ सुइयागाउँका किसान ललवा माहुतले बताए ।

सिँचाइको व्यवस्था नभएकाले किसानले धान रोप्न आकाश हेरेर बस्नु पर्ने बाध्यता रहेको उनको भनाइ छ । "धान खेतीका लागि आवश्यक सिँचाइ, बीउ र मल नपाउँदा बर्सेनि गरिखाने किसानले दुःखमाथि दुःख झेल्नुपर्ने बाध्यता छ ।"- उनले सुनाए ।

बाँकेमा सिँचाइ सुविधा नपुगेको क्षेत्रमा घरायसी प्रयोजनका लागि राखिएका मोटर र कतिपय क्षेत्रमा खानेपानीको धाराको पानी प्रयोग गरेर पनि बिउको ब्याड राखिएको छ ।

जानकी गाउँपालिकाको साइगाउँ, बेलभार क्षेत्रमा पर्याप्त बर्सात नभएका कारण किसानले अहिलेसम्म धान रोप्न नसकेको जानकी गाउँपालिका वडा नं १ का अध्यक्ष मोहम्मद रजा राईले बताए ।



बाँकेमा सिँचाइको सुविधा पुगेको र वैकल्पिक उपाय गरेर हालसम्म करिब ४० प्रतिशत किसानले मात्रै धानको बिउ ब्याड राखेको कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले जानकारी दिइन् । जिल्लामा करिब ३६ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ ।

यहाँ सिक्टा सिँचाइ आयोजनाको नहरबाट कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिकाका र राप्तीसोनारी गाउँपालिकाका केही वडामा सिँचाइको व्यवस्था भए पनि अधिकांश किसान अहिले पनि आकाशे पानीको भरमा धानखेती गर्न बाध्य छन् ।

धानको बिउ राख्ने समयलाई दृष्टिगत गरेर पूर्वी र पश्चिमी दुवै नहरमा नियमित रूपमा पानी छोडिएको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी मनोज शाहले जानकारी दिए । उनका अनुसार राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइको लक्ष्य लिएकामा हालसम्म २४ हजार हेक्टर जमिनमा प्रत्यक्ष सिँचाइ पुगेको छ ।

# गाउँपालिकाले बनाइदियो भेडापालक किसानलाई खोर

ढोरपाटन (बागलुङ) । निसीखोला गाउँपालिकाका अधिकांश किसान परम्परागत रुपमा भेडापालन गर्दै आएका छन् । एउटै परिवारले सयौँको संख्यामा भेडापालन गरे पनि व्यावसायिक बन्न सकेका छैनन् । किसानलाई व्यावसायिक बनाउन निसीखोला गाउँपालिकाले आधुनिकतासँग जोड्न थालेको छ । चालु आर्थिक वर्षमा भेडापालक किसानका लागि पालिकाले आधुनिक खोर बनाइदिएको छ ।

किसानले भेडालाई खोरमा नभई आकाशमुनि खुला छाड्ने गर्थे । खुला छाड्दा चिसोले मर्ने, विभिन्न रोग लाग्ने र चोरी हुने हुँदा किसानले नोक्सानी भोग्दै आएका थिए । यस वर्ष गाउँपालिकाले किसानका लागि आधुनिक खोर निर्माण, खानेपानीको व्यवस्थापन, औषधि खरिद र भेडाको बच्चा खरिदका लागि चालु आवमा रु एक करोड १२ लाख विनियोजन गरेको थियो ।

खोर निर्माण, खानेपानी र औषधि खरिदका लागि ठेक्का प्रक्रियामार्फत् काम भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले जानकारी दिए । भेडाका बच्चा खरिदका लागि दुईपटकसम्म ठेक्का आह्वान गरे पनि कसैले दरखास्त नदिँदा काम रोकिएको उनको भनाइ छ ।

खोर र खानेपानी निर्माणका लागि रु ६२ लाख ९४ हजार ७५९ मा ठेक्का लगाई धमाधम काम भएको भन्दै रु १२ लाखमा औषधि खरिदसमेत भइसकेको प्रमुख प्रशासकीय अधिकृत पुन बताउँछन् । खोर निर्माण र खानेपानीका लागि २०८३ जेठ ६ मा टिएएस इन्जिनियरिङ एन्ड कन्सट्रक्सनले जिम्मा पाएको उनको भनाइ छ । सम्पूर्ण काम असार मसान्तमा सकिनुपर्ने पुनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत पुनले भने-"निसीखोलामा धेरै किसान पशुपालनमा आबद्ध हुनुहुन्छ, त्यसमध्ये वडा नं. ५ र ६ का अधिकांश स्थानीय भेडापालन गर्दै आउनुभएको छ, उहाँहरूलाई व्यावसायिक बनाउन गाउँपालिकाले यस वर्षदेखि सानो प्रयास गरेको हो, खानेपानी व्यवस्थापन र खोर निर्माण भएका छन्, अब अरु काम पनि गाउँपालिकाले गर्ने योजनामा छ ।"

टिएएस इन्जिनियरिङ एन्ड कन्सट्रक्सनका सञ्चालक रेशम अर्यालका अनुसार हालसम्म २२ वटा आधुनिक खोर निर्माण भइसकेका छन् भने खानेपानीको काम पनि अन्तिम चरणमा पुगेको छ । काठ, जस्तापाता र फलामको पोल प्रयोग गरेर खोर निर्माण गरिएको हो । सम्झौता भएको एक महिना नबित्दै ८५ प्रतिशत बढी काम सकिएको उनले बताए । गोठालालाई पायक पर्नेगरी निसीखोला-६ कोस्का र चोरबासमा खानेपानी व्यवस्थापनका लागि पाइप बिछ्याउने काम भइरहेको उनको भनाइ छ ।

निसीखोला गाउँपालिका-६ का किसान भागीलाल घर्ती मगरले स्थानीय सरकारले किसानको समस्या समाधान गर्न थालेको बताए । भेडाबाखालाई विगतदेखि नै लेकमै पुगेर खोप दिने गरे पनि यसपालि खोर र खानेपानीको सुविधा दिएको उनको भनाइ छ । एउटा खोर बनाउँदा किसानको रु चार-पाँच लाख खर्च हुने भन्दै गाउँपालिकाले अनुदानमा बनाइदिएको भन्दै खुसी व्यक्त गरे ।

**शिक्षक ...**

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यालय शिक्षा ऐनलाई प्राथमिकतामा राखेको जनाएको छ । विधेयकको मस्यौदा निर्माणको क्रममा सरोकारवाला सबै पक्षसँग छलफल गरेर अन्तिम रूप दिने योजना मन्त्रालयको छ ।

'शिक्षा ऐन सरकारको उच्च प्राथमिकतामा छ । प्रक्रियाबाट अगाडि बढाउन लागेका छौँ,' मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने-'मस्यौदा बनाउने क्रममा सरोकारवाला सबै व्यक्ति र समूहसँग छलफल गरेर अन्ति रूप दिने हो ।'

शिक्षक-कर्मचारीले सरकारले सहमति कार्यान्वयन मात्र होइन, बजेटमा समेत विभेद गरेको आरोप लगाउँदै आएका छन् । सरकारले २०८३ जेठ १५ गते प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को बजेटप्रति शिक्षक कर्मचारी सन्तुष्ट छैनन् । शिक्षामा कूल बजेटको २० प्रतिशत लगानी हुनुपर्ने माग महासंघको छ । शिक्षा क्षेत्र सरकारको प्राथमिकतामा नपरेको शिक्षक र कर्मचारीको निष्कर्ष छ ।

'बजेटले लामो समयदेखि न्यून पारिश्रमिकमा काम गरिरहेका प्रारम्भिक बालशिक्षाका शिक्षक तथा विद्यालय कर्मचारीको पीडालाई पूरै बेवास्ता गरेको छ । शिक्षण सिकाइ अनुदान शिक्षकका लागि महँगी भत्ताको उपलब्धतासमेत सुनिश्चित छैन ।'- अध्यक्ष सुवेदीले भने ।

प्रारम्भिक बालशिक्षाका शिक्षक र विद्यालय कर्मचारीको पद र तह तोकी सो अनुसार तलब-भत्ता लगायतका सुविधा प्रदान गर्न तथा सबै सिकाइ अनुदान शिक्षकलाई महँगी भत्ता उपलब्ध गराउन महासंघले माग गरेको छ ।

शिक्षक महासंघले पटकपटक आन्दोलन गर्‍यो । शिक्षक महासंघले २०७५, २०७८, २०८० र २०८१/८२ मा सडक आन्दोलन गर्‍यो । आन्दोलनपछि सरकारले सहमति गर्ने, तर कार्यान्वयन नहुने गरेको छ । यसपटक पनि फेरि महासंघ आन्दोलनमा होमिन लागेको हो । 'राष्ट्रिय परिषद् बैठक बस्दैछ । आन्दोलनको रणनीति तय गर्छौं ।'- अध्यक्ष सुवेदीले भने । आन्दोलनको रणनीति तय गर्न केही दिनमा बैठक बस्ने उनले बताए ।

विद्यालयका कर्मचारीले चरणबद्ध आन्दोलन नै घोषणा गरेका छन् । बजेट वक्तव्यमा विद्यालय कर्मचारीका मागहरू सम्बोधन नभएपछि कर्मचारीका संघ-संगठनले संयुक्त आन्दोलनको घोषणा गरेका हुन् ।

नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गंगाराम तिवारीका अनुसार उनीहरूले अर्थमन्त्री, शिक्षामन्त्री र मानव स्रोत विकास केन्द्रलाई ध्यानाकर्षण पत्र बुझाइसकेका छन् ।

विद्यालय कर्मचारीले जिल्ला कार्यसमितिको नेतृत्वमा शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला प्रशासन कार्यालयहरू ध्यानाकर्षण गराएका छन् । उनीहरूले आ-आफ्ना क्षेत्रका निर्वाचित जनप्रतिनिधिलाई जानकारी गराउँदै संघीय सदनमा आवाज उठाउनसमेत भनेका छन् ।

कर्मचारीले जेठ २८ गतेदेखि असार ४ गतेसम्म कालो पट्टी बाँधेर काम गर्ने घोषणा गरेका छन् । माग पूरा नभए असार ५ गते सम्पूर्ण कामकाज ठप्प गर्ने निर्णय गरेका छन् । 'असार ६ गते दोस्रो चरणको आन्दोलन घोषणा गर्छौं ।'- अध्यक्ष तिवारीले भने ।

कर्मचारीले ५ बुँदे माग राखेर आन्दोलन गरिरहेका छन् । विद्यालय कर्मचारी दरबन्दी सिर्जना गरी कार्यरत कर्मचारीको समायोजन गर्नुपर्ने माग कर्मचारीको छ । विगतका सहमति अक्षरशः पालना गर्नुपर्ने सर्त कर्मचारीको छ । तत्काल शिक्षा ऐन जारी गर्नुपर्ने, ६० वर्ष पुगेका कर्मचारीलाई सम्मानजनक बिदाइ दिनुपर्ने र सर्वोच्च अदालतका फैसला कार्यान्वयन गर्नुपर्ने माग कर्मचारीको छ ।

**सहकारी...**

त्यसैगरी, प्रसाईंले नेपालमा राजसंस्था र सनातन हिन्दु अधिराज्य पुनःस्थापना नभएसम्म देश र जनताले सुख र शान्ति नपाउने दाबी गरे । नेपालको भूगोल र यसको गर्भमा रहेको किराँत, बौद्धसहितको वैदिक सनातन हिन्दु अधिराज्य र राजसंस्था ब्युँताउने एउटै उद्देश्यका साथ आफू र नेता धवल शमशेर राणानिच लक्ष्यसहितको सहकार्य भएको उनले स्पष्ट पारे ।

राजालाई पुनः गद्दीमा राख्नका लागि नै आफूहरूले मिलेर नयाँ पार्टी खोल्ने निर्णय लिएकाले बिचमा फाटो आउने कुनै अवस्था नरहेको उनको भनाइ छ । प्रसाईंले भने-'जुन दिन राजा गद्दीमा बस्छन्, राजसंस्था फर्किन्छ, त्यो दिन दाजु र भाइ पहिलो लुगा लगाएर खप्तड जाउँला ।'

**कांग्रेसलाई ...**

पार्टीको विवाद समाधान गर्न नेतृत्वले साहस देखाउनुपर्ने भन्दै उनले अनावश्यक 'नाटक' बन्द गर्न पनि आग्रह गरे । विराटनगरमा कांग्रेसको इतर समूहले आयोजना गरेको कार्यक्रममा बोल्दै नेता सिटौलाले पार्टीको विशेष महाधिवेशन वा नियमित प्रक्रियाका नाममा भइरहेको ढिलासुस्तीप्रति असन्तुष्टि जनाए । 'विवाद के होला भनेर नडराउनुस्, १० मिनेटमै कुरा टुङ्गिन्छ । यो साहस तपाईंको हृदयबाट आउनुपर्छ,' उनले सभापति थापालाई लक्षित गरेर भने-'लेख्ने र मेटाउने शक्ति तपाईंहरूसँगै छ, अब एकमुस्ट निर्णय गरेर अघि बढ्नुस् ।'

सिटौलाले विगतका ९औँ देखि १४औँ महाधिवेशनसम्मका नजिरहरूलाई सम्झाउँदै सोहीअनुसार आगामी महाधिवेशन सम्पन्न गर्न आग्रह गरे । पार्टी नेतृत्व र पदाधिकारीहरूलाई प्रश्न गर्दै उनले थपे-'जे निर्णय गर्ने हो, समयमै र एकमुस्ट गर्नुस् ।'

'हामी लोकतन्त्रवादी हौँ, हामीमा मानवता हुनुपर्छ,' सिटौलाले भने- 'शत्रु पक्षलाई त त्यस्तो व्यवहार गरिँदैन भने आफ्नै साथीहरूमाथि भएको त्यो व्यवहार निन्दनीय छ । जस्तोसुकै अपराधीलाई पनि 'ड्यु प्रोसेस अफ ल' (कानुनी प्रक्रिया) अपनाइनुपर्छ भन्ने मान्यतामा हामी विश्वास गर्छौं, तर हिजो पार्टीभित्रै जे देखियो त्यो अनौठो र अमानवीय थियो ।'

देशको लोकतन्त्र र संवैधानिक व्यवस्था नै संकटमा परेको बेला कांग्रेसले आफ्नो आन्तरिक विवादलाई छिटो टुङ्ग्याएर बलियो बन्नुपर्ने उनले बताए । नेता सिटौलाले पार्टी कार्यालयमा रहेका नेतृत्व तहलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर एकताको निर्णय लिन र महाधिवेशनको प्रक्रियालाई पारदर्शी ढंगले अघि बढाउन आग्रह गरे ।

उनले कांग्रेसभित्रको विवादलाई समाधन गर्न संस्थापन पक्ष जिम्मेवार भएर अघि बढेमात्रै देशको संकट समाधान गर्न सकिने बताए ।

नेपाली कांग्रेस नेता रामहरि खतिवडाले पार्टीभित्रको आन्तरिक कलह र गुटबन्दी अन्त्य नभए आगामी निर्वाचनमा कांग्रेसले देशभरि लज्जास्पद हार व्यहोर्नुपर्ने बताएका छन् ।

उनले पार्टीलाई एकताबद्ध बनाएर लैजान नेतृत्वलाई आग्रह गरे । नेता खतिवडाले अहिलेको समयमा सबै प्रजातन्त्रवादी शक्तिहरू एउटै छातामुनि गोलबन्द हुनुपर्नेमा कांग्रेसभित्रै एकले अर्कालाई अपमान गर्ने र सामाजिक सञ्जालमा गालीगलौज गर्ने प्रवृत्ति बढेको बताए ।

'एउटा कांग्रेसले अर्को कांग्रेसलाई गाली गर्ने र सामाजिक सञ्जालमा खुइल्याउने पद्धतिले कांग्रेस मात्र होइन, देशको प्रजातन्त्र, राष्ट्रियता र कानुनी राज्यसमेत कमजोर भएको छ ।'- उनले भने ।

पार्टीभित्र पुस्तान्तरणको बहस चलिरहेका बेला नेता खतिवडाले पुरानो र नयाँ पुस्ताबीच समन्वय हुनुपर्नेमा जोड दिए । 'पुरानो पुस्ताले 'स्याबास कांग्रेस' र नयाँ पुस्ताले 'क्याबात कांग्रेस' भन्न सक्ने वातावरण निर्माण हुनुपर्छ । कांग्रेसलाई अगाडि बढाउन एकताको विकल्प छैन ।'- उनले भने । आगामी १५औं महाधिवेशनमा सबै पक्षलाई समेटेर अगाडि बढ्न नेतृत्वलाई आग्रह गरे । 'यदि १५औं महाधिवेशनमा हामी एकताबद्ध भएर जान सकेनौं भने ७७ वटै जिल्लाका स्थानीय र प्रदेश तहमा कांग्रेसले अझ लज्जास्पद हार व्यहोर्नुपर्ने सम्भावना छ ।'-उनले भने ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन, बुटवल-०८, रुपन्देहीको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिनेहकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रकाशित मिति २०८३/०२/२९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिक तालिम क्रमशः Building Electrician-390hrs, Industrial Electrician -390hrs, Electrical Appliances Repairer-460hrs, Electric Motor Rewinder-390hrs, Assistant Welder-480hrs र Mobile Phone Repairer–390hrs सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन प्रा.लि., बुटवल-०८, रुपन्देहीले संस्थाको नाम परिवर्तन गरी श्री पब्लिक टेक्निकल कलेज र ठाउँ परिवर्तन (ठाउँसारी) गरी बुटवल उप-म. न. पा- ०४, रुपन्देही कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औ बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत उल्लेखित छोटो अवधिका तालीम प्रति कोहि कसैको हकदाबी बिरोध गुनासो आदि भए यो सूचना प्रकशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना परिवर्तन (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनैकारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
सानोठिमी भक्तपुर, फोन नं. ०१-६६३०४०८ इमेलःctevtaccreditation061@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# संविधानवाद र विधिको शासन मिच्न दिन्नौ : बार अध्यक्ष मिश्र



बुटवल। नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्रले संविधानवाद र विधिको शासन मिच्न नदिन बार एशोसिएशन सधैं संघर्षमा उत्रिन तयार रहेको बताएका छन् । उच्च अदालत बार एशोसिएशन बुटवलको ३२औं साधारणसभा तथा २१औं अधिवेशनबाट नवनिर्वाचित कार्यसमितिको पदस्थापन कार्यक्रममा बोल्दै अध्यक्ष मिश्रले भने-'दुई तिहाईको सरकार भए पनि हामी बोल्न छाड्ने छैनौं, न्याय प्रणाली संकटमा फस्दै छ, तर संकटमा फस्न नदिन बारले तटबन्धको काम गर्छ।'

प्रधानन्यायाधीशले संवैधानिक इजलास गठनमा परम्परा तोडेको प्रंसग उठाउँदै बार अध्यक्ष मिश्रले कार्यपालिकाबाट प्रधानन्यायाधीश नियुक्तिमा नौ वर्षको सेटिङ भत्काइएको दाबी गर्ने, तर अर्को ६ वर्षको सेटिङ गर्ने काम भइरहेको दाबी गरे ।

'अहिले एल्गोरिदम व्याप्त छ, नेगेटिभिटी व्याप्त छ, यस्तो अवस्थामा बार एशोसिएशनले सबै पक्षलाई समेटेर स्वतन्त्र र सक्षम न्यायपालिका बनाउन लाग्नुपर्छ ।'- उनले भने । गरिबको लागि न्याय पाउन अझै असहज रहेको भन्दै उनले वकिलहरु निर्भिक भएर गोताखोरले झै न्याय खोज्न लागिपर्नुपर्ने बताए ।

सो अवसरमा उच्च अदालत तुलसीपुर बुटवल इजलासका वरिष्ठ न्यायाधीश रमेश ढकालले पीडितको पहिलो पहुँच नै कानुन व्यवसायीसँग हुने भएकाले कानुन व्यवसायीले प्रारम्भिक न्यायाधीशको काम गर्नु पर्ने बताए । 'न्यायिक स्वतन्त्रताको रक्षा हामीले गर्न सक्छौं, तर न्यायपालिकामाथि हुने आक्रमणको प्रतिरक्षा बार एशोसिएशनले गर्न सक्छ ।'- उनले बताए ।

सो अवसरमा वरिष्ठ अधिवक्ता हरिप्रसाद पाण्डे, उच्च बार बुटवलका नवनिर्वाचित अध्यक्ष माधवप्रसाद घिमिरे, निवर्तमान अध्यक्ष गोविन्दप्रसाद मरासिनी, वरिष्ठ अधिवक्ता विनोद गौतम, वरिष्ठ अधिवक्ता प्रा.डा. बुद्धबहादुर थापा, रुपन्देही जिल्ला अदालतका जिल्ला न्यायाधीश अशोककुमार बस्नेत, उच्च सरकारी वकिल कार्यालय बुटवलका प्रमुख सहन्याधिवक्ता सन्देश श्रेष्ठ, उच्च बार बुटवलका पूर्व अध्यक्ष कैलाशचन्द्र ज्ञवाली, सरकारी वकिल कार्यालय रुपन्देहीका जिल्ला न्यायाधिवक्ता प्रकाश मरासिनी, जिल्ला अदालत बार एशोसिएशन रुपन्देहीका अध्यक्ष लयप्रसाद भट्टराई, उच्च बार बुटवलका उपाध्यक्ष हिमलाल न्यौपाने, नवनिर्वाचित सचिव लोकप्रसाद खरेल, निवर्तमान सचिव नगेन्द्रप्रसाद यादवलगायतले बोलेका थिए ।

उच्च अदालत बार एशोसिएशन बुटवलको गत जेठ १७ गते भएको निर्वाचनबाट अध्यक्षमा माधवप्रसाद घिमिरेसहित नयाँ नेतृत्व चयन भएको थियो । निर्वाचनबाट उपाध्यक्षमा ओमप्रसाद पंगेनी, सचिवमा लोकप्रसाद खरेल निर्वाचत भएका थिए । कोषाध्यक्षमा मीना महत जी.सी. तथा सह-सचिवमा निशाकुमारी खरेल निर्विरोध निर्वाचित भएका थिए ।

त्यसैगरी सदस्यहरूमा बाबुराम न्यौपाने, मुन्नी न्यौपाने, चतुर्भुज पन्थ, दामोदर घिमिरे, रामप्रसाद भुसाल, मनोज श्रेष्ठ, संजिता पौडेल र कृष्णा रोका निर्वाचित भएका थिए ।

यस्तै, पार्षदहरूमा टुकराज पाण्डे, सिर्जना थापा, यमुना गुरुङ, विद्या घिमिरे, विष्णुप्रसाद भट्टराई, प्रकाशकुमार नेपाल, जीवनारायण अधिकारी र उद्धवचन्द्र गौतम निर्विरोध निर्वाचित भएका थिए ।

# सखिया थारू सामुदायिक होम स्टेमा एकहप्ते तालिम




बुटवल । तिलोत्तमा नगरपालिका-१३ सेमरीस्थित सखिया थारु सामुदायिक होम स्टेमा नेपाली तथा रैथाने परिकार बनाउने र पुरानो कला-संस्कृति संरक्षणसम्बन्धी सातदिने तालिम सम्पन्न भएको छ ।

तालिम समापन कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले ग्रामीण पर्यटन प्रवर्द्धनका लागि स्थानीय खानाका परिकार, संस्कृति र आतिथ्य सेवालाई गुणस्तरीय बनाउनुपर्ने बताए । उनले होम स्टेले स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना तथा सांस्कृतिक पहिचान संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतार्न सहभागीलाई आग्रह गरे ।

नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीले थारु समुदायको मौलिक संस्कृति, परम्परा र रैथाने खानाका परिकार पर्यटनको आकर्षणको प्रमुख आधार भएको बताइन् । उनले महिलाहरूको सक्रिय सहभागिताले होम स्टे व्यवसायलाई थप सशक्त बनाउने विश्वास व्यक्त गरिन् ।

तिलोत्तमा वडा नं. १३ का वडाध्यक्ष नारायण ढकालले सेमरी क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्न वडा कार्यालय प्रतिबद्ध रहेको बताए । उनले तालिमले होमस्टे सञ्चालकहरूको क्षमता अभिवृद्धि हुनुका साथै स्थानीय संस्कृति संरक्षणमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले होम स्टेलाई सय जना पाहुना राख्न मिल्ने गरी विस्तार गर्न सुझाव दिए । हाल २५ जनासम्म बास बस्न मिल्ने पूर्वाधार छ ।

नगरपालिकाका प्रशासन शाखा प्रमुख मुक्ति खनालले पर्यटन विकासका लागि पूर्वाधारसँगै दक्ष जनशक्ति आवश्यक पर्ने बताउँदै यस्ता तालिमले सेवा प्रवाहलाई व्यावसायिक बनाउन मद्दत पुग्ने धारणा राखे । उनले स्थानीय समुदायको सहभागितामा पर्यटन गतिविधि विस्तार गर्न नगरपालिका निरन्तर लागिपरेको जानकारी दिए ।

तालिमका प्रशिक्षक खुमबहादुर बस्नेतले सात दिनसम्म सहभागीलाई नेपाली तथा रैथाने परिकारको तयारी, प्रस्तुतीकरण, सरसफाइ तथा आतिथ्य व्यवस्थापनका विषयमा व्यावहारिक ज्ञान प्रदान गरिएको बताए । तालिमले स्थानीय खानाका परिकारलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्न सहयोग पुग्ने उनको भनाइ थियो ।

कार्यक्रमका अध्यक्ष तथा सखिया थारु सामुदायिक होमस्टेका सञ्चालक हरिनारायण थारुले तालिमले होम स्टे सञ्चालनमा नयाँ ऊर्जा थपेको बताए । उनले स्थानीय संस्कृति, परम्परा र रैथाने खानालाई जोगाउँदै पर्यटकलाई आकर्षित गर्ने योजनामा आफूहरू लागिरहेको उल्लेख गरे ।

तिलोत्तमा नगरपालिकाको आयोजनामा सम्पन्न तालिममा होमस्टेसँग आबद्ध व्यक्तिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्दै ग्रामीण पर्यटन प्रवर्द्धन तथा स्थानीय कला-संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यस अवसरमा थारु संस्कृति झल्किने विभिन्न नृत्यहरु प्रस्तुत गरिएको थियो ।

# विश्व रक्तदाता दिवसमा रक्तदातालाई सम्मान



बुटवल । विश्व रक्तदाता दिवसको अवसर पारेर नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, रुपन्देहीले आइतबार बुटवलमा रक्तदातालाई सम्मान गरेको छ ।

नियमित रक्तदान गरेर बिरामीलाई मृत्युबाट जोगाउन महत्वपूर्ण भूमिका खेलेका झण्डै सय जना रक्तदातालाई तीन समूहमा विभाजन गरी सम्मान गरिहेको हो । २ महिलासहित स्वर्णपदबाट ८ जना, २ महिलासहित २७ जना रजत पदकबाट र ५३ जनालाई प्रशंसापत्रबाट सम्मान गरिएको थियो ।

सम्मान कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले रगत संकलन र विरामीको सेवामा रक्तसञ्चार केन्द्र बुटवलले उत्कृष्ट कार्य गरेको बताए । रगत नपाए बुटवल जानु भन्ने रक्तदाताको अभियानले सार्थकता पाएको बताउँदै मेयर पाण्डेयले रेडक्रसका लागि उपमहानगरपालिकाले आगामी वर्ष बजेट पनि सुनिश्चित गर्ने जनाए ।

कार्यक्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका मेडिकल सुपरिटेन्डेन डा.विष्णु गौतमले निरोगी व्यक्तिले हरेक तीन/तीन महिनामा नियमित रक्तदान गर्न अवश्यक रहेको बताए ।

प्रादेशिक अस्पताल संघीय अस्पतालमा रुपान्तरण हुन सक्ने बताए । कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नम्बर-६ का वडाअध्यक्ष लोकनाथ न्यौपाने, रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश सभापति लालप्रसाद पंगेनी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, रुपन्देही सभापति रामचन्द्र उपाध्याय, रक्तसञ्चार केन्द्र बुटवलका बेनबहादुर पौडेल क्षेत्री प्राध्यापक सुदर्शन नेपाल, रक्तदाताहरु महेश खनाललगायतले बोलेका थिए ।

# गुल्मी सेवा समाज कतारको २३औं वार्षिक भेला सम्पन्न




बुटवल । "गुल्मी सेवा समाज कतारको प्रतिबद्धता, निःस्वार्थ समाज सेवा आजको आवश्यकता" भन्ने मुल नाराका साथ गुल्मी सेवा समाज कतार ले आफ्नो २३औं वार्षिक भेला भब्यताका साथ सम्पन्न गरेको छ । शुक्रबार कतार को एन खलितस्थित हाएक टि कफी रेस्टुरेण्टमा भएको उक्त कार्यक्रम समाजका अध्यक्ष मित्र बिएसको सभापतित्व तथा समाजका प्रमुख संरक्षक बुद्ध पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको सन्चालन समाजका सचिव कुमार राहादी मगरले गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य समाजका वरिस्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक सुरज चन्द बोहोराले गरेका थिए । विधिबध रुपमा दीप प्रज्ज्वलनसहित वार्षिक भेलाको केक काटेर प्रमुख अथितीबाट समुद्घाटन गरिएको थियो भने गुल्मी सेवा समाज कतारका कोषाधय कमल खत्रीले संस्थाको एक वर्षको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा लुम्बिनी प्रदेश समन्वय परिषद् कतार र प्रदेशअन्तर्गतका जिल्ला संस्थाहरुका अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थित रहेको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका प्रमुख संरक्षक क्रान्ति सिंह, अध्यक्ष साजन लौडारी, लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका सचिव विवस बेलबासे, विश्वनाथ भट्टराई कोषाध्यक्ष लुम्बिनी प्रदेश समन्वय परिषद् कतार, शंकर न्यौपाने लेखा संयोजक -लुम्बिनी प्रदेश समन्वय परिषद् कतार, चन्द्र कुँवर सदस्य -समाजसेवा अभियान रुपन्देही, दाङ देउखुरी सेवा समाज कतारका उपाध्यक्ष, अन्य केही जातीय संस्थाका प्रतिनिधिहरुको पनि उपस्थित रहेको थियो । अन्य अथितीहरुमा गुल्मी सेवा समाज कतारका संरक्षक सदस्यहरु विजय बिक्रम बस्नेत, शिव खड्का, प्रमुख सल्लाहकार कमल अर्याल, सल्लाहकारहरु क्रमशः कुमार अबिरल पन्थी, भिम तरामुमगर, बाबुराम महत, अमित गौतम, अशोक पोखरेल, अर्जुन कुँवर, नारायण केसी अर्यालका साथै महिला संयोजक कल्पना घर्ती पूर्व महिला संयोजक मीना खड्का र अंकिता खत्री, धनकुटा सेवा समाज कतारका अध्यक्ष तिलबिक्रम मगर, बुद्धभूमि कपिलवस्तु सेवा समाजका महासचिव श्रीधर राजा पौडेल, मगर संघ शाखा कतारका उपाध्यक्ष देवी मगर तमु, गुरुङ समाज कतारका प्रथम उपाध्यक्ष ओम गुरुङ, अर्घाखाँची सेवा समाज कतारका अध्यक्ष बालाराम पाण्डे, पाल्पाली सेवा समाज कतारका अध्यक्ष बिक्की गैर, दाङ देउखुरी सेवा समाजका उपाध्यक्ष उषा परियारलगायत कतारमा रहेका गुल्मेली तथा गैर गुल्मेली दाजुभाइ तथा दिदिबहिनीहरुको उपस्थिति रहेको थियो ।

नेपालदेखि एक हप्ताको भ्रमणमा रहेका इस्माली समाज रुपन्देहीका अध्यक्ष कृष्णबहादुर जिसिले पनि उक्त कार्यक्रमको विशिस्ट अथितिमा उपस्थिति रहेका थिए । आफ्नो छोटो मन्तव्य को क्रममा उनले गुल्मी सेवा समाज कतारले गर्ने हरेक सामाजिक कार्यहरु प्रति इस्माली समाज रुपन्देहीले नेपालमा आइपर्ने जुनसुकै परिस्थितिलाई पनि सहयोग गरी हातेमालो गर्नको निम्ति आफूलगायत सिङ्गो इस्माली समाज रुपन्देही तयार रहेको बताए । गुल्मी सेवा समाज कतारका सल्लाहकार भिम तरामु मगरले स्थापना कालदेखि अहिलेसम्म समाजले गरेका गतिविधिहरुको बारेमा जानकारी दिएका थिए ।

प्रमुख अथिती बुद्ध पाण्डेले स्थापना कालदेखि अहिलेसम्म समाजमा आबद्ध रहेर संस्थाप्रति योगदान पुराउने सबै जनालाई हार्दिक आभार प्रकट गरेका थिए । अथिती सत्कारमा गुल्मी सेवा समाज कतार कि महिला संयोजक कल्पना घर्तीले गरेकी थिइन् भने सांस्कृतिक कार्यक्रममार्फत् स्वागत नृत्य गिरिमाया तरामुसहित अमित परियार र बाबुराम परियारलगायत कतारमा स्थापित अन्य थुप्रै स्थानीय कलाकारहरूले कार्यक्रममा सांगीतिक प्रस्तुति दिएका थिए ।

कार्यक्रमको अन्तिम समापन गर्दै समाजका अध्यक्ष मित्र बिएसले संस्थाले आयोजना गरेको कार्यक्रमलाई सफल बनाउनको निम्ति सहयोग पुराउने सम्पुर्णलाई हार्दिक आभारसहित धन्यवाद प्रकट गर्दै कार्यक्रम समापन गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता
- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्को सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सव भव्यताका साथ मनाऔं ।

लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।
विज्ञापन बोर्ड नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com